# बोनस (पाँचौ संशोधन) ऐन, २०७४

प्रमाणीकरण मिति
२०७४।०४।२९

**प्रस्तावना :** बोनस ऐन, २०३० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिम व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "बोनस (पाँचौ संशोधन) ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **बोनस ऐन, २०३० को दफा ५ मा संशोधन** : बोनस ऐन, २०३० (यस पछि "मूल ऐन" भनिएको) को दफा ५ को,-

(१) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ :-

"(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको स्वामित्व भएको प्रतिष्ठानले प्रत्येक आर्थिक बर्षमा गरेको खुद

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

मुनाफाबाट छुट्याउनु पर्ने बोनसको प्रतिशत तोकिए बमोजिम हुनेछ ।"

(२) उपदफा (३) पछि देहायका उपदफा (३क), (३ख) र (३ग) थपिएका छन् :-

"(३क) उपदफा (१) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नाफा कमाउने उद्देश्य नलिई कुनै क्षेत्रको सम्बर्द्धनको लागि स्थापना भएको नेपाल सरकारको स्वामित्व भएको प्रतिष्ठानले बोनस वितरण गर्न पाउने छैन ।

(३ख) उपदफा (१) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको स्वामित्व भएको प्रतिष्ठानले देहायको अवस्थामा मात्र बोनस वितरण गर्न पाउनेछ :-

(क) प्रोद्‌भावी आधार (एक्रुअल बेसिस) मा खर्च लेखिएको रकम अर्को आर्थिक बर्षभित्रमा तिरिसकेको हुनुपर्ने,

(ख) हरेक आर्थिक बर्षको सम्भावित दायित्व (कन्टिन्जेन्ट लायबिलिटिज) वापतको रकम यकिन गर्ने र त्यसरी यकिन हुन आएको रकम छुट्टै कोष खडा गरी जम्मा गरेको हुनुपर्ने,

(ग) नेपाल सरकारसँग वा नेपाल सरकार जमानत बसी कुनै ऋण लिएको भए त्यस्तो ऋण रकम ऋण लिँदाको बखत

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

गरेको तमसुकमा उल्लिखित भुक्तानी तालिका बमोजिम चुक्ता गरिसकेको हुनुपर्ने ।

(३ग) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लेख भएका कुरा बाहेक बोनस बितरण सम्बन्धी अन्य कुरा नेपाल सरकारले निर्णय गरे बमोजिम हुनेछ ।"

३. **मूल ऐनको दफा १३ मा संशोधनः** मूल ऐनको दफा १३ को उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारको स्वामित्व भएको प्रतिष्ठानले दफा ५ बमोजिम बोनस बापत छुट्याएको रकम मध्येबाट बोनस वितरण गरेपछि बाँकी रहन आएको रकम मध्ये बीस प्रतिशत रकम श्रम ऐन, २०४८ को दफा ३७ बमोजिम खडा गरेको कल्याणकारी कोषमा र बाँकी असी प्रतिशत रकम प्रतिष्ठानको हकहितको लागि व्यवस्था गर्न नेपाल सरकारले खडा गरेको राष्ट्रियस्तरको कल्याणकारी कोषमा जम्मा गर्नु पर्नेछ ।"

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय